# १ हामीलाई अति नै माया गर्नुहुने स्वर्गमा हुनुहुने परमेश्वर पिता

*<u>यस अध्यायका मूल पदहरू:</u>* मत्ती ७:९-११, यूहन्ना १४:८-१०, लूका १५:११-२४, मत्ती ६:२५-३४, हिब्रू ९:१४।

*<u>कण्ठ गर्नुपर्ने पद:</u>* **"ओहो, परमेश्वर पिताको प्रेम हामीप्रति कस्तो महान् छ! त्यसलाई कुनै मोल तिरेर पनि किन्न सकिन्दैन किनभने उहाँले हामीलाई सित्तैंमा दिनुभएको छ। उहाँको प्रेमले गर्दा सचमुच रूपमा अब हामी उहाँका छोराछोरी भनेर सम्बोधन गर्न लायक भएका छौं। यथार्थमा हामी परमेश्वरकै सन्तान हुन पुगेका छौं। भौतिक संसारमा अलमलिरहेका संसारका मानिसहरूले हामीलाई चिन्दैनन् किनभने जब उहाँ मानव शरीर लिएर आउनुभयो तब तिनीहरूले उहाँलाई चिनेका थिएनन्। (१ यूहन्ना ३:१ भावनात्मक रूपान्तरित)।**

**परमेश्वर पिता हुनुहुन्छ भनेर चर्चा गर्न येशू अत्यन्त मन पराउनुहुन्थ्यो।** परमेश्वर पिता हुनुहुन्छ भनेर येशूले १३० पल्ट भन्दा पनि बढि प्रयोग गर्नुभएको थियो भनेर सुसमाचारका पुस्तकहरूले बताउँछन्। उहाँले परमपिता सनातनको परमेश्वरलाई विभिन्न तरिकाले सम्बोधन गर्नुभएको थियो। उदाहरणमा उहाँ "स्वर्गमा रहनुहुने पिता अर्थात् स्वर्गिय पिता (मत्ती ६:१४ रूपान्तरित), "जीवित पिता" (यूहन्ना ६:५७ रूपान्तरित), "पवित्र पिता" (यूहन्ना १७:११ रूपान्तरित), र "धर्मी अर्थात् पापरहित पिता" (यूहन्ना १७:२५ रूपान्तरित)। परमपिता सनातनको परमेश्वरलाई सम्बोधन गरिने उपरोक्त नाउँहरूले हामी हाम्रा प्रभुसँग कति घनिष्ठ हुनुपर्छ भनेर खुलासा गरिएको छ।

"पिता वा बुबा" भन्ने सम्बोधनले माया, प्रिति, सुरक्षा, आडभरोसा र परिवारलाई दिनदिनै खाना र सुबिस्ताको लागि खर्च दिने व्यक्तित्वको जनाउ दिन्छ। बुबाकै नाउँबाट परिवारको नामाङ्कर हुन्छ र परिवारलाई एकत्रित राख्दछ। जब हामी परमेश्वरलाई स्वर्गमा सदासर्वदा रहनुहुने पिता भनेर हामी ग्रहण गर्छौं तब उपरोक्त बुबाले दिनुहुने उपरोक्त कुराहरू र अरू असल थोकहरू रमाइलोसाथ उपभोग गर्न योग्य हुनसक्छौं।

हामीले परमेश्वर पितालाई चिन्न अत्यन्त जरूरी छ। तर हामीहरूको दिमागमा परमेश्वरको बारेमा केवल बौद्धिक ज्ञानमात्र घुसाउनुहुन्न। बाइबलको अनुसार यदि हामीले कसैलाई चिनेका छौं भनेर दावी गर्नुको अर्थ त्यसलाई व्यक्तिगत रूपमा सम्बन्ध राख्नु हो र उनको निकटमा हरदम रहिरहेकाछौं भन्ने आभास पाइरहनु हो। स्वर्गमा रहनुहुने परमेश्वर पितासँग हुनुपर्ने सच्चा असली सम्बन्ध पनि हाम्रो त्यही हुनुपर्दछ।

**पिताको बारेमा र उहाँको असिमित प्रेमको बारेमा येशूले के सिकाउनुभएको थियो सो यस अध्यायमा हेर्नेछौं। त्यसको साथै परमेश्वर पिताको पुत्र र पवित्र आत्मासँग कस्तो घनिष्ठ सम्बन्ध छ भनेर हामी बढि जानकारी यस अध्यायमा लिन खोज्नेछौं।**

## १. स्वर्गमा रहनुहुने परमपिता परमेश्वर (मत्ती ७:९-११)

परमेश्वरलाई "पिता" भनेर सम्बोधन गर्ने चलन बाइबलको परिप्रेक्ष्यमा कुनै नौलो कुरो होइन (उदाहरणमा यशैया ६३:१६, यशैया ६४:८, यर्मिया ३:४,१९, भजन १०३:१३ आदि)। तर यहूदीहरूमा परमेश्वरलाई पिता भनेर सम्बोधन गर्ने चलन अत्यधिकचाहिँ होइन। यहूदी तथा इस्राएलमा परमेश्वरको व्यक्तिगत नाउँ यह्वे (**YHWH**) हो। पुरानो करारमा परमेश्वरलाई त्यस नाउँले पुकारेको ६,८०० भन्दा बेसी पाइन्छ। यह्वेभन्दा फरक परमेश्वरको बारेमा प्रकट गर्न येशू आउनुभएको थिएन। तर पुरानो करारमा चित्रण गरेको परमेश्वर कस्तो हुनुहुन्छ भनेर पूर्ण रूपमा देखाउने लक्ष्य बोकेर उहाँ आउनुभएको थियो। त्यही सन्दर्भमा येशूले परमेश्वरलाई पिताको रूपमा चित्रण गर्नुभएको थियो।

सनातन परमेश्वर पिता स्वर्गमा रहनुहुन्छ भन्ने धारणालाई येशूले स्पष्ट गर्नुभएको थियो। परमेश्वरप्रति उचित श्रद्धा राख्न सिक्न त्यस सत्यतालाई हामीले सम्झनु अत्यन्त जरुरी छ। स्वर्गमा हामीहरूको मायालु पिता हुनुहुन्छ जो आफ्ना छोराछोरीहरूको आवश्यकताप्रति गहिरो रूपमा संवेदनशील हुनुहुन्छ। त्यो पिता स्वर्गमा हुनुहुन्छ भन्ने कुराबाट हामी बिचलित हुनुहुन्न। उहाँ सारा जगतको राजा हुनुहुन्छ र करौडौं स्वर्गदूतहरूले उहाँको आराधना गर्दछन् किनकि उहाँ पवित्र र सर्वशक्तिमान हुनुहुन्छ। उहाँ हाम्रो पिता हुनुभएकैले उहाँकहाँ हामी

बालकले जस्तै ढुक्क भएर आओस् भन्ने उहाँको चाहना हो। उहाँ स्वर्गमा रहनुभएको हुनाले उहाँको महानताप्रति हामी संबेदनशील हुनुपर्छ। उहाँकहाँ आउँदा उचित श्रद्धा र उपासनाको हृदय लिएर आउनुपर्छ।

यस संसारमा भएका हामीहरूका मायालु बुबाले स्वर्गमा रहनुहुने परमेश्वर पिताको असल चित्रण गर्न सक्छ भनेर मत्ती ७:९-११मा येशूले यसरी सम्बोधन गर्नुभएको छः "“तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला? १० कि माछा माग्दा त्यसलाई साँप देला? ११ यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी गरेर असल चीज दिनुहुन्छ।"

यथार्थमा सबै छोराछोरीहरूका बाबु प्रेमिलो, स्नेही र हेरचाह गर्ने हुन्छ भन्ने छैन। कतिपय अवस्थामा कतिलाई त आफ्नो बाबु को हो भनेर थाहा पनि नहुनसक्छ। त्यस परिप्रेक्ष्यमा परमेश्वर हाम्रो पिता हुनुहुन्छ भनेर सम्बोधन गर्दा कुनै आवश्यक अर्थ पनि नलाग्न सक्छ। तर यस संसारमा भएका पिता कस्तो असल हुनुपर्छ भन्ने धारणा हामी सबैमा छ। हुनसक्छ हामी मध्ये कसैले आदर्श पिताको बारेमा जानेक हौंला वा देखेको पनि होला।

मानविय पिता सिद्ध हुनुबाट धेरै टाडा छ भन्ने तर्क हामी सबैलाई थाहा छ। तिनीहरूमा केही हदसम्म कमजोरी भएतापनि प्रायजसो सांसारिक पिताहरूले आफ्ना छोराछोरीहरूलाई अत्यन्त माया गर्छन् भन्ने कुरा पनि हामीलाई थाहा छ। तिनीहरूको मगजले भ्यायसम्म आफ्ना छोराछोरीलाई उत्तम कुरा दिन कसरत गर्छन् भन्ने पनि हामीलाई थाहा भएकै कुरो हो। त्यस परिप्रेक्ष्यमा स्वर्गमा रहनुहुने हामीहरूको परमेश्वर पिता कस्तो होला त? कल्पना गर्नुहोस्।

परमप्रभु सनातनको परमेश्वर स्वर्गमा रहनुहुने पिता हुनुहुन्छ भन्ने पहिचानलाई तपाईंको निम्ति के अर्थ छ? परमेश्वर तपाईंको पिता हुनुहुन्छ भन्ने आत्मज्ञानले तपाईंको जीवनमा कस्तो अर्थ दिनसक्छ?

## २. पुत्ररूपी येशूद्वारा प्रकट (यूहन्ना १:१८)

येशूका चेला यूहन्नाले परमेश्वर पिताको बारेमा चर्चा गर्दछन्। उनले भन्छन्: "कसैले पनि परमेश्वरलाई देखेको छैन।" (यूहन्ना १:१८ रूपान्तरित)। आदम र हव्वाको पतनपछि पापले गर्दा परमेश्वरलाई

देख्न अवरोध खडा भएको छ। मोशाले परमेश्वरलाई प्रतक्ष्यरूपमा देख्न चाहेका थिए। तर परमेश्वरले उनलाई यसरी सम्झाउनुभयोः "तिमीले मेरो अनुहार देख्न सक्दैनौ....कोही पनि मेरो अनुहार हेरेर बाँच्न सक्दैन।" (प्रस्थान ३३:२०)। हामीले उहाँलाई देख्न नसके तापनि उहाँको बारेमा जतिसुकै धेरै जान्न हाम्रो प्रमूख लक्ष्य हुनुपर्छ, किनभने अनन्त जीवन पाउनु भनेकै पितालाई चिन्नु हो (यूहन्ना १७:३)।

परमेश्वरको बारेमा जान्न हामीलाई किन आवश्यकता छ? यर्मिया ९:२३,२४ अनुसार उहाँको बारेमा जान्न किन जरुरी छ? हेर्नुहोस्ः " परमप्रभु यसो भन्नुहुन्छः "बुद्धिमान् मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस्, अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, २४ तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोस्ः 'म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु," परमप्रभु भन्नुहुन्छ।"

शैतानले ल्याएका परमेश्वरको बारेमा महान् मतभेदको विषयवस्तु नै उहाँको चरित्रप्रति आक्रामक हुनु हो। परमेश्वर कठोर र स्वार्थी हुनुहुन्छ भनेर मानिसहरूलाई बहकाउन उसले भयङ्कर कसरत गरिरहेको थियो। शैतानको आरोपलाई खण्डन गर्ने सबभन्दा उत्तम उपाय नै येशू यस संसारमा रहेर उसको मिठ्याहा आरोप झुटा हुन् भनेर देखाउनु थियो। परमेश्वर पिता, पुत्र र पवित्र आत्माको बारेमा अनेकन गलत धारणाहरूलाई ठिक पार्न नै परमेश्वरको असली स्वभाव र चरित्र देखाउँदै येशू आउनुभएको थियो। यूहन्नाले ठोकुवा गरेर भन्दछन्ः "तर परमेश्वर एकै मात्र र एकमात्र पुत्र पिताको साथमा हुनुहुन्छ। उहाँले परमेश्वर कस्तो हुनुहुन्छ भनेर हामीलाई देखाउनुभएको छ।" (यूहन्ना १:१८ रूपान्तरित)।

तिन वर्षसम्म येशूको साथमा रहेतापनि चेलाहरूले परमेश्वरको बारेमा कमै ज्ञान थियो। तिनीहरूको आत्मज्ञानको कमीबारे हामी के सिक्न सक्छौं। हेर्नुहोस्ः यूहन्ना १४:८-१० " फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्। त्यति भए हामीलाई पुग्छ।" ९ येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु,

तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?' १० म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ।"

फिलिपको प्रश्नप्रति येशूलाई दुःख र अचम्म लागेको थियो। आफ्ना मन्द समझशक्ति चेलाहरूलाई माया गरेर गाली गर्नुभएकोले नै तिनीहरूप्रति उहाँको प्रेम र धैर्यता कस्तो रहेछ भनेर देखाउनुभएको छ। हुनसक्छ येशूको जवाफले उहाँले यो सोचिरहनुभएको होलाः यतिका वर्षसम्म मसँग हिँड्दा, मेरा वचनहरू सुन्दा, हजारौं मानिसहरूलाई ख्वाउन अचम्म काम गर्दा, बिरामीहरूलाई निको पार्दा र मरेकोलाई जीउँदै उठाउँदा अझै तिमीहरूले मलाई चिनेनौ? मद्वारा पिताले गर्नुभएको कामले गर्दा उहाँलाई अझै चिन्न सकेका छैनौ?

येशूद्वारा देखाइएको पिताको बारेमा जान्न चेलाहरू असफल भयो भन्दैमा उहाँले पिताको बारेमा गलत देखाउनुभएको थियो भन्ने हुँदैन। परमेश्वर पिताले दिनुभएको लक्ष्य पूरा गरें भनेर येशूलाई पक्का थाहा थियो। त्यसैकारण आफ्ना चेलाहरूलाई उहाँले भन्न सक्नुभएको थियो: "यदि तिमीहरूले मलाई साँच्चिक्कै चिन्न सक्यौ भने मेरो पितालाई पनि तिमीहरूले चिन्न सक्छौ। अबदेखि तिमीहरूले उहाँलाई चिन्छौ। जसले मलाई देखेको छ उसले पितालाई पनि देखेको हुन्छ।" (यूहन्ना १४:७,९ रूपान्तरित)।

## ३. स्वर्गमा रहनुहुने परमपिता परमेश्वरको प्रेम (यूहन्ना ३:१६,१७) १८

साँच्चिकै भनौं भने येशूले कुनै नयाँ कुराहरू सिकाउन आउन भएको थिएन। उहाँले सिकाउनुभएका कतिपय परमेश्वरको बारेमा र अरू आत्मज्ञानहरू पुरानो करारमै थियो। परमेश्वर पिता भएर आफ्ना छोराछोरीहरूलाई कसरी असिमित रूपमा माया गर्नुहुन्छ भन्ने रहस्य यर्मिया ३१:३, भजन १०३:१३मा अगावै खुला गरिएको थियो। ती पदहरूलाई नै मध्ये नजरमा राखेर येशूका चेला यूहन्नाले भावुक भएर यसरी प्रकट गरेका थिए "परमेश्वर पिताले हामीलाई सित्तैंमा दिनुभएको प्रेम कतिको महान् छ! त्यसैले गर्दा हामी परमेश्वरका छोराछोरी हौं भनेर हामीलाई सम्बोधन गर्न योग्यका भएका छौं।" (१ यूहन्ना ३:१

रूपान्तरित)। परमेश्वरको त्यो गुण हाम्रो लागि अकल्पनीय नै छ। जगतको समुद्रमा बालुवाको कण जस्तो भएर बसेको यस पृथ्वी ग्रहमा भएका हामी जाबो पापी मानिसहरूले महान् जगतको शक्तिशाली सृष्टिकर्ता र हर्ताकर्तालाई हामीले पिता भनेर सम्बोधन गर्न पाउनु कस्तो गजबको कुरो छ, यो त मगजमै घुसाउनु पनि गाऱ्हो छ। तर हामीले उहाँलाई पिता वा बुबा भनेर नै सम्बोधन गरोस् भन्ने उहाँको चाहना छ किनभने उहाँले हामीलाई अति नै माया गर्नु हुन्छ।

परमेश्वरले हामीलाई कतिको प्रेम गर्नुहुन्छ भन्ने असली प्रमाण यूहन्ना ३:१६,१७ले कसरी बताउँछ, हेर्नुहोस्: " "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।"

याद गर्नुहोस्! सबै मानिसहरूमा परमेश्वरको प्रेमको सृजना होस् भनेर ख्रीष्टलाई क्रुसमा टाँगिएको थिएन। हाम्रो पापको सट्टामा येशू मर्नुभयो भन्नुको अर्थ यो होइन कि उहाँको मृत्युले अत्यन्त भावुक भएर परमेश्वर पिताले हामीलाई प्रेम गरोस्। परमेश्वरले हामीलाई अगावै प्रेम गर्नुभएकोले हामीप्रति उहाँको प्रेम देखाउन नै ख्रीष्ट क्रुसमा मर्नुभएको थियो। मानिसले पाप गर्नुभन्दा पहिले वा यस संसारको सृष्टि गर्नु भन्दा पहिले नै मानिसले गर्ने पापको कारण उहाँमा मृत्युको घन्टा बजिसकेको थियो। येशू यस संसारमा मानव चोला लिएर क्रुसमा बलि हुन दिनुभएको जस्तो कार्यले परमेश्वरको प्रेम हामीलाई देखाउँछ। उहाँको प्रेमलाई झल्काउने त्यो भन्दा ठूलो प्रमाण अरू केही छ त?

"महान् त्याग वा बलिले गर्दा पिताले हामीलाई प्रेम गर्नुभएको होइन। तर उहाँले हामीलाई अति प्रेम गर्नुभएकोले नै त्यो बलि वा त्याग गर्न उहाँ हिच्किचाउनु भएन।"-एलेन जी ह्वाइट, स्टेपस् टु क्राइस्ट, पृ. १३बाट रूपान्तरित।

सृष्टिकर्ता परमेश्वरको गलत चित्रण गरेर कतिले यो भन्दछ कि हामीहरूको पापको कारणले उहाँले हामीलाई माया गर्न चाहनुहुन्न। हो, परमेश्वर र हाम्रो बीचमा येशू हाम्रो सहजकर्ता वा मध्यस्थकर्ता

हुनुहुन्छ। त्यसको अर्थ यो होइन कि उहाँले पितालाई हामीप्रति प्रेम देखाउन उक्साउनुहुन्छ। यस्तो गलत धारणालाई येशू आफैले हटाउनुभएको थियो जब उहाँले यो उच्चारण गर्नुभयोः “पिता आफैले तिमीहरूलाई प्रेम गर्नुहुन्छ।" (यूहन्ना १६:२७ रूपान्तरित)।

जतिसुकै विद्रोह गरेर उडन्तापुत्र घरबाट विदेशीएतापनि उसको पिताले उसलाई कसरी अत्यन्त माया गरेको थियो भन्ने कथा लूका १५:११-२४ हेर्नुहोस्। त्यस कथा पढेर छोराले बाबुबाट पाएको प्रेमको सूची बनाउनुहोस्ः “उहाँले भन्नुभयो, “कुनै मानिसका दुई छोरा थिए। १२ कान्छाचाहिँले बाबुलाई भन्यो, ‘पिताज्यू, मेरो भागमा पर्ने धन-सम्पत्तिको हिस्सा मलाई दिनुहोस्।’ तब तिनले आफ्नो सम्पत्ति तिनीहरूलाई बाँड़िदिए। १३ “धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलेर कान्छो छोरो टाढ़ा देशमा गयो, र त्यहाँ भोग-विलासमा आफ्नो सम्पत्ति उड़ायो। १४ त्यसले सबै रुपियाँपैसा खर्च गरिसकेको थियो। त्यसै बेला त्यस देशमा ठूलो अनिकाल पऱ्यो, र त्यसलाई अभाव हुन थाल्यो। १५ त्यो गयो, र त्यस देशको एक जना नागरिककहाँ त्यसले काम माग्यो। उसले त्यसलाई आफ्नो खेतमा सुँगुरहरू चराउन पठायो। १६ सुँगुरले खाने चारोले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई केही दिँदैनथियो। १७ “जब त्यसको चेत खुल्यो, त्यसले भन्यो, ‘मेरा बाबुका धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु। १८ म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, “बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। १९ अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ। मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्”।’ २० तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो। “तर त्यो धेरै टाढ़ा छँदा त्यसका बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौड़ेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे। २१ “छोराले तिनलाई भन्यो, ‘बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। म फेरि तपाईंको छोरो भनिने योग्यको छैनँ।’ २२ “तर बाबुचाहिँले आफ्ना कमाराहरूलाई भने, ‘झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइदेओ। यसको हातमा औंठी, र खुट्टामा जुत्ता लगाइदेओ, २३ र पुस्टाइराखेको पशु मार, र हामी खाएर आनन्द मनाऔं। २४ किनकि यो

मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ।' तब तिनीहरू आनन्द मनाउन लागे।"

हामीहरू सबै जना आआफ्नै तालका छौं। कतिपय समयमा के हामी पनि त्यही उडन्ता पुत्र जस्तो छैनौं र? जसरी त्यस उडन्ता पुत्रले बाबुबाट टाडा रहेर चर्तिकला देखाए के तपाईंले पनि कहिलेकाहीं त्यही चर्तिकला देखाउनुभएको छ? सोच्नुहोस्।

## ४. स्वर्गमा रहनुहुने परमेश्वर पिताको हामीप्रति करूणामय स्नेह र हेरचाह (मत्ती ६:२५-३४)

हामीलाई कसैले वास्ता गरिरहेको छ वा हामी प्रति कसैको चासो छ भन्ने कुरा थाहा पाउनु जरुरी कुरा हो। कसैले हामीप्रति वास्ता नगर्न सक्छ। तर स्वर्गमा रहनुहुने परमेश्वर पिताले हामीहरूको सबै पक्षहरूमा वास्ता गर्नुहुन्छ भनेर येशूले सिकाउनुभएको थियो। हामीलाई माया गर्न उहाँ सकेसम्म कुनै कुरामा चुक्नुहुन्न भन्ने उहाँको सन्देश थियो। परमेश्वरको करूणा र प्रेम मानिसका भावनाहरूमा भरपर्दैन। हाम्रो जीवनमा जे भएतापनि हामीप्रति उहाँको प्रेम अटल र अपरिवर्तनीय छन्।

त्यही सन्दर्भमा येशूले अत्यन्त उत्साहप्रद वचनहरू मत्ती ६:२५-३४मा दिनुभएको छ। ती पदहरूले परमेश्वरमाथि असली रूपमा भरपर्न सिक्नुपर्छ भनेर हामीलाई कसरी सिकाउँदछन्? हेर्नुहोस् "२५ "त्यसैकारण म तिमीहरूलाई भन्छु, जीविका चलाउन चाहिने खाने-पिउने, लाउने कुराको बारेमा चिन्ता नगर। के खाने कुराभन्दा जीवन ठूलो र लाउने कुराभन्दा शरीर ठूलो होइन र? २६ आकाशमा उड्ने चराहरूलाई हेर, खै तिनीहरू खेती गर्दैनन्, बाली काट्ने, थन्क्याउने पनि गर्दैनन्। तैपनि स्वर्गमा हुनुहुने तिमीहरूका परमेश्वर पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। ती चरा-चुरुङ्गीहरूभन्दा त तिमीहरू धेरै नै मूल्यवान् छौ, होइन र? २७ तिमीहरूमध्ये कसैले चिन्ता गरेर आफ्नो आयु अलिक लामो बनाउन सक्छौ र? २८ "के लगाउने होला भनेर तिमीहरू किन चिन्ता गर्छौ? जङ्गलका लिली फूलहरू बढेको हेर, तिनीहरूले त काम पनि गर्दैनन्, लाउनलाई लुगा पनि बुन्दैनन्। २९ तर म तिमीहरूलाई भन्छु, सोलोमन राजाको त्यत्रो धन-सम्पत्ति छँदाछँदै पनि उनी ती फूलहरू जति सिंगारिन सकेका थिएनन्। ३० आज मौलाउने, अनि भोलि नै ओइलाएर

आगोमा फालिने झारलाई पनि परमेश्वरले यसरी सिंगार्नुहुन्छ भने के झन् उहाँले तिमीहरूलाई लगाउने लुगा दिनुहुन्न र? खै त तिमीहरूको विश्वास?

३१ "यसकारण के खाऔं, के पिऔं र के लाऔं भनेर चिन्ता नगर। ३२ परमेश्वरलाई नचिन्ने अन्यजातिहरूले पो यस्तो चिन्ता गर्छन्। यी सबै कुरा तिमीहरूलाई चाहिन्छ भनेर स्वर्गमा हुनुहुने तिमीहरूका परमेश्वर पितालाई थाहै छ। ३३ पहिले परमेश्वरको राज्यको खोजी गर र उहाँका आज्ञाहरू पालन गर अनि उहाँले यी सबै कुरा तिमीहरूलाई थपिदिनुहुनेछ। ३४ भोलिको चिन्ता नगर। भोलिको समस्या भोलि नै सुल्झिन्छ। आजलाई आजकै दुःख पुग्दो छ।"

"हामीहरूको जीवनको अनुभवमा यस्तो अन्धकार पक्ष वा अध्याय छैन जसलाई परमेश्वरले पढ्न सक्नुहुन्न। कुनै पनि यस्तो समस्या छैन जुन उहाँले सुल्झाउन सक्दैनन्। उहाँको नजर बिना कुनैपनि दुर्घटना उहाँका साना भन्दा साना बालकको हुँदैन। हामीहरूको मनलाई चिन्तित बनाउने कुनै पनि सुर्ता उहाँबाट लुक्दैन। हामीहरूलाई हर्ष गराउने कुनै पनि कुरा वा हामीहरूको मुखबाट कुनै पनि बिन्ती त्यसै फुत्किन्दैन जुन् हाम्रो स्वर्गको पितालाई थाहा हुँदैन। हामीप्रति उहाँले अत्यन्त गहिरो चासो राख्नुहुन्छ। भनिएको छ "टुक्रा टुक्रा भएको हृदयलाई उहाँले निको पार्नुहुन्छ। तिनीहरूको घाउलाई उहाँले स्याहार्नुहुन्छ।" (भजन १४७:३ रूपान्तरित)। परमेश्वर र प्रत्येक मानिसको बीचमा यस्तो पूर्णरूपमा घनिष्ठ सम्बन्ध छ कि मानौं यस संसारमा उहाँको हेरचाहाको उपभोग गर्न त्यो व्यक्ति बाहेक अरू कोही पनि छैन। मानौं त्यस व्यक्तिलाई बाहेक उहाँले आफ्नो छोरो दिने यस संसारमा अरू कोही पनि छैन।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. १००बाट रूपान्तरित।

उपरोक्त कथनमा पाइएका उत्साहपद वचनहरू हामीहरूको माझमा भएतापनि यस संसारमा हामीलाई हिर्काउने विपत्ति, शोक र दुःखकष्टबाट हामी अनजान छैनौं। येशू ख्रीष्ट आफैले यो स्वीकार गर्नुभयो "प्रत्येक दिनमा प्रशस्तमात्रामा दुःखकष्ट वा समस्याहरू आएका हुन्छन्" (मत्ती ६:३४ रूपान्तरित)। हामी येशूका भक्तहरू हौं भन्दैमा सबै थोक ठीक हुन्छ भन्ने छैन भनेर उहाँको उक्त पदले पुष्टि गर्दछ। खराब, अन्याय, अत्याचार आदिको बीचमा हामी रहनुपर्दछ र

तिनीहरूबाट ल्याउने बखेदा वा नतिजाबाट हामी उम्केर बस्न सक्दैनौं। तर क्रुसमा देखाउनुभएको परमेश्वरको प्रेमले हामीप्रति उहाँले कस्तो वास्ता गर्नुहुन्छ भन्ने कुरामा हामी निश्चित हुनुपर्दछ। स्वर्गको परमेश्वर पिताका आशिषहरू र उहाँका वरदानहरूलाई सधैं याद गरीरहनु हामीहरूको अर्थपूर्ण जीवनको निम्ति अत्यावश्यक छ। यदि त्यो कुरा सम्झिरहेनौं भने अलिकति नराम्रो आपत्ती वा घट्ना घटेपनि हामी सजिलैसँग हताश र निराश हुन्छौं। कुनै नराम्रो घट्ना नघटी यस संसारमा कसको जीवन पार भएर बसेको होला?

तपाईंको जीवनमा कुनै आपत्ती आएको बेलामा परमेश्वरको प्रेम झल्केको तपाईंले कहिले महसूश गर्नुभएको छ? त्यस अनुभवबाट त्यही समस्या वा आपदसँग सँघर्ष गरिरहेको मानिसलाई तपाईंले कसरी हौसला दिन सक्नुहुन्छ?

## ५. पिता, पुत्र र पवित्र आत्मा (लूका १:२६-३५)

त्री-एक परमेश्वर मिलेर एकईश्वर हुन्छ अर्थात् तिन व्यक्ति मिलेर शीर्षस्थ परमेश्वर हुन्छ भनेर येशूले विभिन्न तरिकाहरूबाट सिकाउनुभएको थियो र प्रमाणित पनि गर्नुभएको थियो। परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा एक शीर्ष परमेश्वर कसरी हुन्छ भन्ने तथ्यलाई कुनै पनि मानविय तर्कले वाख्या गर्न सकिन्दैन। बाइबलमा धेरै यस्ता सत्य आत्मज्ञानहरू छन् जुन् हामीले केवल विश्वासद्वारामात्र ग्रहण गर्नुपर्छ, त्यसमा त्री-एक परमेश्वरको शीर्षस्थ व्यक्तित्वपनि एक हो। सबै सत्यहरूलाई मिलाएर हामीले "परमेश्वरको रहस्यलाई बुझ्न कोशिस गर्छौं" भनेर पावलले भनेका छन् (कलस्सी २:२ रूपान्तरित)। यद्यपि कतिपय आत्मज्ञानहरू छन् जुन हाम्रो दिमागले बुझ्न भ्याउँदैन। तर हामीलाई आवश्यक भएको पर्याप्त ज्ञानहरू विश्वास, प्रार्थना, वचनलाई शिरोपर गरेर हिँड्ने प्रतिबद्धता र अध्ययनद्वारा क्रमिक रूपमा सिक्दै जाने तिव्र चाहनालाई आत्मसात् गर्नुपर्छ।

प्रभु येशूको जीवनको अत्यन्त महत्त्वपूर्ण भागहरूमा तिन शीर्ष परमेश्वर अत्यन्त क्रियाशील हुनुभएको थियो। देहायका पदहरूले त्यसको केही उदाहरणहरू यसरी प्रस्तुत गर्दछन्: जन्ममा- लूका १:२६-३५ "२८ स्वर्गदूतले त्यस केटीकहाँ आएर भने, "तिमीलाई परमेश्वरको शान्ति होस्! प्रभु परमेश्वरले तिमीलाई ज्यादै अनुग्रह

गर्नुभएको छ। उहाँ तिमीसँग हुनुहुन्छ।" २९ स्वर्गदूतले भनेका कुराले मरियम आतिइन् र बुझ्न नसकेर अलमल्ल परिरहिन् ३० अनि स्वर्गदूतले भने, "मरियम, नडराऊ, परमेश्वरले तिमीलाई ठूलो दया गर्नुभएको छ। ३१ अब सुन, तिमी गर्भवती हुनेछौ र एउटा छोरा पाउनेछौ। त्यो छोराको नाउँ तिमीले येशू राख्नू। ३२ उहाँ महान् हुनुहुनेछ र उहाँलाई महान् परमेश्वरका पुत्र भन्नेछन्। प्रभु परमेश्वरले उहाँलाई उहाँकै पुर्खा दाऊदजस्तै राजा बनाउनुहुनेछ। ३३ उहाँले याकूबको वंशमाथि राज्य गर्नुहुनेछ र उहाँको राज्यको अन्त कहिल्यै हुनेछैन।" ३४ यो सुनेर मरियमले स्वर्गदूतलाई भनिन्, "म कन्या नै छु, तब यो कुरा कसरी हुन सक्छ?" ३५ स्वर्गदूतले भने, "परमेश्वरको पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ। महान् परमेश्वरको शक्तिको छायाँ तिमीमाथिपर्नेछ। त्यसैकारण जन्मिनुहुने बालक पवित्र हुनुहुनेछ र परमेश्वरको पुत्र कहलाइनुहुनेछ।", बप्तिस्माको समयमा-लूका ३:२१२२ "२१ सबै मानिसले बप्तिस्मा लिंदैगर्दा येशूले पनि बप्तिस्मा लिनुभयो र उहाँले प्रार्थना गरिरहँदा स्वर्ग उघ्रियो २२ र पवित्र आत्मा ढुकुरको रूपमा उहाँमाथि ओर्ली आउनुभयो अनि स्वर्गबाट यस्तो आवाज आयो, "तिमी मेरा प्यारा पुत्र हौ, तिमीसँग म धेरै खुसी छु।" र क्रुसको वेदनामा-हिब्रू ९:१४ " तर ख्रीष्टको रगतमा हामीलाई शुद्ध तुल्याउने अझ ठूलो शक्ति छ। सधैंभरि रहिरहनुहुने परमेश्वरका आत्माद्वारा उहाँले सिद्ध बलि भएर आफैंलाई परमेश्वरकहाँ चढाउनुभयो। त्यसो हो भने हामीले जीवित परमेश्वरको सेवा गर्न सकौं भनी व्यर्थैका विधिबाट हाम्रा विवेकलाई ख्रीष्टको रगतले झन् कति ज्यादा गरी शुद्ध पार्न सक्छ।"

करिब साढे तेत्तिस वर्षको मानविय जीवनमा येशूले मानिसहरूलाई आफ्ना कामहरूद्वारा परमेश्वरको असल चरित्रलाई देखाउनुभएको थियो। अब त्यो कामबाट उहाँले बिदा लिन्दै हुन्थ्यो। बिचलित हृदय भएका चेलाहरूलाई टुहुरा नछोडी तिनीहरूको माझमा पवित्र आत्मा पठाउने कबूल उहाँले गर्नुभएको थियो। यहाँ पनि त्री-एक परमेश्वर कसतो क्रियाशील भएको रहेछ भनेर हामीलाई छर्लङ्ग पार्दछ। उहाँले भन्नुभयो "मैले पितासँग माग्दछु। उहाँले तिमीहरूको निम्ति अर्को मित्र पठाउनुहुनेछ। उहाँले तिमीहरूलाई सहायता गर्नेछ र तिमीहरूको साथमा

सदासर्वदा रहनेछन्। त्यो मित्र हो सत्यको आत्मा।" (यूहन्ना १४:१६,१७ रूपान्तरित। यूहन्ना १४:२६ पनि पढ्नुहोस्)।

मुक्तिको योजनामा तिन एक परमेश्वरको पूर्ण सहमत र सहयोग छन् भनेर येशूले वाख्या गर्नुभएको थियो। परमेश्वरको प्रेम देखाएर पुत्रले परमपिता परमेश्वरको महिमा गरेका थिए (यूहन्ना १७:४)। त्यही रूपमा यस संसारमा येशूको अनुग्रह र प्रेम देखाएर पवित्र आत्माले पुत्रको महिमा गर्दछन् (यूहन्ना १६:१४)।

मानविय दिमागले बुझ्न नभ्याएका अरू केही आत्मिक सत्यहरूलाई सोच्नुहोस्। फेरि त्यसै बखत प्राकृतिक संसारमा पनि कतिपय कुराहरू बुझ्न नसकेको पनि विचार गर्नुहोस्। ती रहस्यहरूले मानिसको दिमाग कतिको सिमित छ भनेर कसरी देखाउँछ र हामी विश्वासद्वारा जीउनु आवश्यक छ भनेर कसरी चित्त बुझाउने?

## उपसंहार:

<u>थप जानकारी:</u> यस अध्यायको निम्ति उपयोगी सामग्री एलेन जी ह्वाइटले टेस्टिमोनिज फर द चर्च, ठेली ८को पृ. २६३-२७८को "अ पर्सनल गड" पढ्नुहोस्।

"परमेश्वर प्रतिको विश्वास, आस्था र भरोसा अझ बलियो बनाउन उहाँलाई नयाँ नाउँले सम्बोधन गर्नुपर्छ भनेर ख्रीष्टले हामीलाई सिकाउनुहुन्छ। त्यो नाउँ हामीहरूको मानवीय हृदयमा निकट रूपमा बाँधिएको हुन्छ। परमेश्वरलाई हाम्रो पिता भनेर सम्बोधन गर्न शुभ अवसर दिनुहुन्छ। त्यस नाउँले परमेश्वरलाई सम्बोधन गर्दा उहाँलाई हामीले कतिको प्रेम गर्छौं र उहाँमाथि कतिको भरोसा राख्छौं भनेर खुलाउँछ। उहाँको प्रेम हामीमा कतिको छ भनेर देखाउने प्रतिज्ञा पनि त्यसले देखाउँछ। जब हामी प्रार्थना गर्छौं परमेश्वरलाई त्यस नाउँबाट सम्बोधन गर्छौं। परमेश्वरको नाउँ सुनेर त्रसित नहन येशूले हामीलाई बारम्बार त्यही नाउँले पुकारोस भनेर उहाँले हामीलाई भन्नुभएको छ। त्यस नाउँले पुकार्दा परमेश्वरप्रतिको प्रेम जागृत होस् भन्ने येशूको चाहना छ।

"हामी उहाँका छोराछोरी हौं भनेर पहिचान गरोस् भनेर परमेश्वरले चाहनुहुन्छ। बेवारिसे संसारबाट हामीलाई उद्धार गरेर <u>उहाँको परिवारका गरिमामय सदस्यहरू हुन परमेश्वरले हामीलाई</u>

चुन्नुभएको छ। त्यसैले गर्दा हामी स्वर्गीको राजाका छोराछोरी हौं भनेर गौरवका साथ हिंड्न सक्छौं। यस संसारमा बालकले आफ्ना बाबुलाई भरोसा राख्ने भन्दा पनि गहिरो र बलियो रूपमा उहाँलाई भरोसा राखोस् भनेर उहाँले हामीलाई आह्वान गर्नुहुन्छ। आमाबाबुले आफ्ना छोराछोरीहरूलाई माया गर्छन्। तर परमेश्वरको प्रेम मानिसले आफ्ना छोराछोरीहरूलाई दिन सक्ने प्रेमभन्दा फराकिलो, सदाशयी, गहिरो र उदार छ। परमेश्वरको प्रेमलाई नापेर नाप्न सकिन्दैन।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेशनस्, पृ. १४१,१४२बाट रूपान्तरित।

"कलवरीको क्रुसमा स्वर्गमा रहनुहुने हामीहरूको परमेश्वर पिताले हामी प्रत्येकलाई उहाँको प्रेम देखाउनुभएको थियो। पिताले हामीलाई औधी माया गर्नुहुन्छ। उहाँ प्रेम, करूणा तथा सदाशयताले भरिपूर हुनुहुन्छ।"-एलेन जी ह्वाइट, द साइन अभ टाइमस्, सेप्टेम्बर ३०, १८८९बाट रूपान्तरित।

"परमेश्वरप्रतिको विश्वास, आस्था र भरोसा अझ बलियो बनाउन उहाँलाई नयाँ नाउँले सम्बोधन गर्नुपर्छ भनेर ख्रीष्टले हामीलाई सिकाउनुहुन्छ। त्यो नाउँ हामीहरूको मानवीय हृदयमा निकट रूपमा बाँधिएको हुन्छ। परमेश्वरलाई हाम्रो पिता भनेर सम्बोधन गर्न शुभ अवसर दिनुहुन्छ। त्यस नाउँले परमेश्वरलाई सम्बोधन गर्दा उहाँलाई हामीले कतिको प्रेम गर्छौं र उहाँमाथि कतिको भरोसा राख्छौं भनेर खुलाउँछ। उहाँको प्रेम हामीमा कतिको छ भनेर देखाउने प्रतिज्ञा पनि त्यसले देखाउँछ। जब हामी प्रार्थना गर्छौं परमेश्वरलाई त्यस नाउँबाट सम्बोधन गर्छौं। परमेश्वरको नाउँ सुनेर त्रसित नहन येशूले हामीलाई बारम्बार त्यही नाउँले पुकारोस भनेर उहाँले हामीलाई भन्नुभएको छ। त्यस नाउँले पुकार्दा परमेश्वरप्रतिको प्रेम जागृत होस् भन्ने येशूको चाहना छ।

"हामी उहाँका छोराछोरी हौं भनेर पहिचान गरोस् भनेर परमेश्वरले चाहनुहुन्छ। बेवारिसे संसारबाट हामीलाई उद्धार गरेर उहाँको परिवारका गरिमामय सदस्यहरू हुन परमेश्वरले हामीलाई चुन्नुभएको छ। त्यसले गर्दा हामी स्वर्गीको राजाका छोराछोरी हौं भनेर गौरवका साथ हिंड्न सक्छौं। यस संसारमा बालकले आफ्ना बाबुलाई भरोसा राख्ने भन्दा पनि गहिरो र बलियो रूपमा उहाँलाई भरोसा राखोस्

भनेर उहाँले हामीलाई आह्वान गर्नुहुन्छ। आमाबाबुले आफ्ना छोराछोरीहरूलाई माया गर्छन्। तर परमेश्वरको प्रेम मानिसले आफ्ना छोराछोरीहरूलाई दिन सक्ने प्रेमभन्दा फराकिलो, सदाशयी, गहिरो र उदार छ। परमेश्वरको प्रेमलाई नापेर नाप्न सकिन्दैन।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेशनस्, पृ. १४१,१४२बाट रूपान्तरित।

"कलवरीको क्रुसमा स्वर्गमा रहनुहुने हामीहरूको परमेश्वर पिताले हामी प्रत्येकलाई उहाँको प्रेम देखाउनुभएको थियो। पिताले हामीलाई औधी माया गर्नुहुन्छ। उहाँ प्रेम, करूणा तथा सदाशयताले भरिपूर हुनुहुन्छ।"-एलेन जी ह्वाइट, द साइन अभ टाइमस्, सेप्टेम्बर ३०, १८८९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. स्वर्गमा हुनुहुने परमपिता परमेश्वरलाई प्रेम गर्न सकिन्दैन न त उहाँमाथि भरोसा राख्न सकिन्छ भनेर कसैले भन्यो भने तपाईंले के भन्ने? सायद यस संसारका आफ्नो मानव पिताबाट असली प्रेम नपाएकोले त्यस मनस्थितिमा त्यो मानिस पुगेको हुनसक्छ। त्यस परिवेशमा परमेश्वरमा विश्वास राख्न र उहाँलाई प्रेम गर्न उसलाई तपाईंले कसरी सिकाउनुहुन्छ?

आ. परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने जानकारी हामीलाई छ। तैपनि यस संसारमा किन दुःखकष्ट पैदा भइरहेको छ?

इ. यस जगतको महान् आकारको बारेमा सोच्नुहोस्। त्यस जगतको सृष्टिकर्ता येशू हाम्रो निम्ति क्रुसमा मर्नुभयो भन्ने बौद्धिक ज्ञानलाई पनि तपाईं सोच्नुहोस्। त्यस अचम्म र आशावादी समाचार हामीले पूर्ण रूपमा कसरी बुझ्न र ग्रहण गर्न सक्छौं? परमेश्वरको त्यस अचम्मको प्रेमको उदाहरणको उपभोग गर्न हामीहरूले कसरी सिक्ने?